गोरखा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गोरखा

(प्रशासन शाखा)

गण्डकी प्रदेश, नेपाल
Province Gandaki, Nepal
Phone: 064-420269
URL: www.gorkhamun.gov.np
Email: gorkhamun@gmail.com
info@gorkhamun.gov.np

पत्र संख्या ०७५ ०७६
चलानी नं ३१८

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोरखा जिल्ला गण्डकी प्रदेश, नेपाल

मिति: २०७५।०६।०५

श्री गोरखा नगरपालिका सवै वडा कार्यालय,

गोरखा ।

**बिषयः सूचना टाँस गरिदिने सम्बन्धमा।**

प्रस्तुत विषयमा, जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको संस्था नविकरण सम्बन्धी सूचना थान १ यसै पत्रसाथ संलग्न गरी पठाईएको छ । उक्त सूचना वडा कार्यालयको सूचना पाटीमा टाँस गरिदिनुहुन अनुरोध छ ।

भिमसेन श्रेष्ठ
प्रशासकिय अधिकृत

Scanned by CamScanner

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

०६४-४२०१
०६४-४२०२
०६४-४२०१
फ्याक्स - ०६४४२०१

पत्र संख्या :- ०७५/७६
चलानी नं. :-

मिति :-२०७५।०६।०२

## जिल्ला प्रशासन कार्यालय गोरखाको

## संस्था नविकरण सम्बन्धी

## दोस्रो पटक प्रकाशित

## सुचना

यस कार्यालयमा संस्था दर्ता ऐन २०३४ अनुसार दर्ता भै लगातार ३ वर्ष वा सो भन्दा बढी समयदेखि नविकरण नगराएका संघ-सस्थाहरुको खारेजी प्रकृया अघि बढाउने भनी गृह मन्त्रालयको मिति २०७५।२।२४ को आदेशानुसार यस कार्यालयको मिति २०७५।०२।३० गते नविकरणको लागि १५ दिने सुचना प्रकाशित गरि २०७५।४।२१ को निर्णयबाट खारेजी प्रक्रिया अघि बढाइएकोमा निर्धारित समयावधिमा नबिकरण छुट भएका संस्थाहरू (यातायात सम्वद्ध बाहेक) को हकमा पुनः एक पटक ३५ दिने म्याद दिइ नविकरणको लागि सूचना प्रकाशित गर्न सबै जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन दिने भनि मिति २०७५।५।३१ मा (माननीय मन्त्रीस्तरिय) निर्णय भएकोले मिति २०७५।०२।३० गते प्रकाशित १५ दिने सुचना अवधिभित्र नविकरण हुन नसकेका संघसंस्थाहरूका लागि यो सूचना प्रकाशित भएको मितिले लागू हुने गरि ३५ दिन भित्र संस्था नविकरण गर्नको लागि आवश्यक कामजात पेश गरी नविकरण गराइसक्न पुनः यो सूचना प्रकाशित गरिएको छ ।अन्यथा संस्था खारेज गरिने व्यहोरा समेत यसै सुचना मार्फत जानकारी गराइन्छ ।

Scanned by CamScanner